# ४. पश्चाताप : पापलाई के गर्ने

क. मुख्य पदहरु

प्रेरित २:३८-३९, लूका १५:७-१०, इजकिएल १८:३०-३२

ख. परिचय

क्रिश्चियन या परमेश्वरको सन्तान हुनको निम्ति पहिलो पाइला पश्चाताप गर्नु हो. मौलिक ग्रीक तथा हिब्रु भाषामा हेर्‍यौंभने यो शव्दको वास्तविक अर्थ थाहा पाउनेछौं. "पश्चाताप" लाई ग्रीक भाषामा Metanoia भनिन्छ, यसको अर्थ "बेग्लै मनको हुनु" अथवा केही ज्ञान पाइसकेपछि बाटो बदल्नु भन्ने हुन्छ (मत्ती ४:१७, मर्कूस १:१५). हिब्रु भाषाबाट पश्चाताप शव्दलाई अनुवाद गर्दा "shub" हुन्छ जसको अर्थ "फर्किनु" हुनजान्छ अर्थात हाम्रा अनुभवहरुदेखि फनक्क फर्कनु (u turn) लिनु (१राजा ८:४७, इजकिएल १४:६). आजभोलि पश्चातापको अर्थ हामीले केही गलत काम गरेकोमा स्वाभाविक माफि मगाई "सरी" मात्र हुनपुगेको छ. तर हामी हेर्नसक्छौं बाइबलको वास्तविक अर्थ योभन्दा धेरै गहन छ. साँच्चै भन्ने हो भने चेलापनको शुरुवात नै पश्चातापबाट हुँदछ.

ग. साँचो पश्चाताप के हो ?

<u>यो विचार र कार्यमा पूणरुपले फर्किनु हो</u>

१. *हामी आफ्नो विचार बदल्छौं*

पापको प्रकृति, परिणाम र भयावहताप्रति हाम्रो नयाँ दृष्टिकोण हुन्छ. हामी आफैंमा जे छौं त्यो परमेश्वरलाई स्वीकारयोग्य छैन, घिनलाग्दो छ भनेर मानिलिनु हो.

२. *हामी आफ्नो काम कारवाही बदल्छौं*

हामी आफ्ना अनाज्ञाकारिता, स्वार्थीपन र विद्रोहीपनबाट परमेश्वरतिर फर्कन्छौं. हामी पापबाट फर्केर हाम्रो जीवन परमेश्वरमा समर्पित गर्छौं र येशूलाई आफ्नो प्रभु बनाउंछौं.

पश्चाताप गर्नु हाम्रो जिम्मेवारी हो. हामी सबैले पाप गरेका छौं त्यसकारण हामी येशूलाई प्रभु र उद्धारकर्ताको रुपमा स्वीकार गर्छौं. क्रूसमा येशूले हाम्रो निम्ति पापको मूल्य चुकाउनुभयो र परमेश्वरसित हाम्रो सम्बन्ध पुनर्स्थापन गर्नुभयो. तर हामी आफ्नो पापबाट पश्चाताप गर्छौं र येशूलाई प्रभु मान्दै उहाँसँगै रहन्छौं. परमेश्वरले हाम्रा निम्ति गर्नसक्ने यतिमात्रै हो, बाँकी हामी आफैंले गर्नुपर्छ.

## घ. पश्चातापमा निहित तीन महत्वपूर्ण तत्वहरु

१. *पश्चातापलाई बुझ्न सकिन्छ*

यसको साधारण अर्थ यो हो - हामीसँग केही बुझ्न सकिने तथ्य छ. परमेश्वरको दृष्टिमा हाम्रो पाप र त्यसको भयावहतालाई चिनाउन पश्चाताप संलग्न भएको छ. परमेश्वर हामीले आफ्नो पाप देखेको र उहाँको पवित्रतासित त्यसको तुलना गरेको चाहनुहुन्छ. उहाँसँग हाम्रो स्थिति (सम्बन्ध) कस्तो छ त्यो पनि हामीले छर्लङ्ग देखेको उहाँ इच्छा गर्नुहुन्छ. उहाँको हातमा हाम्रो जीवन सुम्पेको र विशेषगरी धर्मशास्त्र पढदा त्यहाँबाट ती कुराहरु हामीलाई देखाउन पवित्र आत्मालाई हामीले अनुमति दिएको परमेश्वर चाहनुहुन्छ.

२. *पश्चाताप भावनात्मक हो*

परमेश्वरको सामून्ने हामीले हाम्रो स्थिति साँचो रुपमा मानिलिएपछि हामीमा शक्तिशाली भावनात्मक प्रतिक्रिया उत्पन्न हुन्छ (यशैया ६:५). हामीलाई गहन पश्चाताप तथा अपराधबोध अनुभव हुन्छ (भजन ५१:९). हाम्रो जीवनमा भएका सबै गल्ती तथा खराब कुराहरुको बोझको अनुभव हुनेछ. परमेश्वरको क्षमाशील ठाउँबाट पार गरेपछि मात्र यस प्रकारको भावनाबाट साँचो मुक्ति प्राप्त हुन्छ (२कोरिन्थी ७:९-१०). हामीलाई हाम्रो निम्ति परमेश्वरको वचन प्राप्त गर्ने ठाउँमा ल्याउने पवित्र आत्माको एउटा तरीका इश्वरीय क्लेश (वेदना) हो.

३. *पश्चाताप ऐच्छिक हो*

यसमा स्वेच्छा संलग्न भएको हुन्छ. पश्चाताप भनेको हृदयको परिवर्तन, मन, उद्देश्य, वास्तवमा जीवनको सम्पूर्ण दिशा बदल्नु हो. यो सम्पूर्ण परिवर्तन हो. यो बिल्कुल विपरीत दिशातिर फर्कनु र परमेश्वरको सामर्थ्यमा जीवन सम्पूर्ण रुपले नयाँगरी जिउनु हो. यो पश्चातापको

कामको शुरुवात परमेश्वरमा निहित छ. उहाँले आफ्नै सामून्ने हाम्रो अवस्था र हाम्रा आवश्यकताहरु हामीलाई देखाउनुहुन्छ तर यो प्रकाशमा काम त हामीले नै गर्नुपर्छ (रोमी २:४). छनौट हाम्रै हो.

## ङ. क्षमाको शक्ति

पश्चाताप एक्लै छैन - क्षमा यसको आत्मिक जुम्ल्याहा हो. परमेश्वरको पवित्रताको सामू हामीले हाम्रो दयनीय अवस्थाको सामना गरिसकेपछि उहाँको महान प्रेम र कृपा पनि अनुभव गर्नुपर्छ. परमेश्वरले आफ्नो एकलो पुत्रलाई दिनुभएको नै हामीले क्षमा पाउन सकौं भनेर हो. उहाँले हामीलाई धेरै प्रेम गर्नुभएकोले हाम्रो निम्ति परमेश्वरले ठूलो मूल्य चुकाउनुभयो (१यूहन्ना १:७-९). हाम्रो पापबाट छुटकारा पाउने एउटै तरीका छ, त्यो हो हाम्रो मुखबाट त्यसको स्वीकारोक्ति. त्यसै समयमा यदि हामीले येशूलाई आफ्नो प्रभु र मुक्तिदाता स्वीकार गऱ्यौं भने परमेश्वरले हामीलाई क्षमा गर्नुहुनेछ. त्यसो गरेपछि हामीले गरेका सबै पापहरु कहिल्यै नसम्भिने गरी उहाँले बिर्सनुहुन्छ. त्यो पापहरुको सम्भना आफ्नो मानसपटलबाट मेटाइदिनुहुन्छ. हामीले अब दोषी वा अपराधबोध अनुभव गर्नुपर्नेछैन किनभने परमेश्वरले हामीलाई स्वीकार गर्नुभएको छ.

"परमेश्वरको कृपाले तिमीलाई पश्चातापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ ?" (रोमी २:४).

## च. प्रश्नहरु तथा छलफलका बुँदाहरु

१. हाम्रो जीवन र कामहरुप्रति परमेश्वरको दृष्टिकोण थाहा नपाइकन के हामीले साँचो पश्चाताप गर्न सक्छौं होला ?
२. हाम्रा पापहरुको निम्ति साधारण क्षमा मगाई पर्याप्त हुदैन र ?
३. हामीले पश्चाताप गरीसकेपछि के जीवन निरश र पट्याइलाग्दो हुदैन ? किनभने हामीले थुप्रै कुराहरु छोडनुपर्ने रहेछ.
४. व्यवहारिक रुपमा विचार गर्दा साँचो पश्चातापले हाम्रो जीवनमा कस्तो भिन्नता ल्याउंछ ?

५. हाम्रो आफ्नो सट्टा परमेश्वरको बाटोमा हिंडेपछि हाम्रो हृदयमा के ले राज्य गर्नेछ ? (कलस्सी ३:१५-१७)

## छ. सारांश तथा प्रयोग

१. जे कुराले हामी हाम्रो मन भर्दछौं अन्तमा त्यही कुरा हाम्रो निम्ति अति महत्वको हुनजान्छ.

२. स्वार्थी तथा पापमय बाटोबाट पश्चाताप गरेर हामी परमेश्वरतर्फ फर्कनुपर्छ र उहाँको इच्छामा हिड्नुपर्छ. उहाँले हामीलाई प्रेम गर्नुहुन्छ, हामीलाई चिन्नुहुन्छ र हाम्रा निम्ति उत्तम कुराको चाहना गर्नुहुन्छ.

३. स्वार्थलाई हाम्रो जीवनबाट निकाल्दै हामीले आफूलाई परमेश्वरमा समर्पण गर्नुपर्छ. येशूलाई हाम्रो प्रभु हुनदिनुपर्छ.